नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः क.प्र.-१/०७६/७७
चलानी नं. ३१७

(कर्मचारी प्रशासन शाखा)

मितिः२०७६/०९/२०

विषयः स्थानीय तहमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरू (८१ वटै) ।

प्रस्तुत विषयमा स्थानीय तहको हकमा समायोजन ऐन बमोजिम कर्मचारी समायोजन पश्चात कतिपय स्थानीय तहमा लेखा समूहका कर्मचारीको अभाव भएको कारण संघमा समायोजन भए तापनि अल्पकालको लागि संघमा समायोजित लेखा समूहका कर्मचारीहरूबाट ती तहहरूको आर्थिक प्रशासन सञ्चालन भैरहेको सन्दर्भमा हाल ती कर्मचारीहरूलाई संघको दरबन्दीमा पदस्थापन गरिएको छ । यसरी पदस्थापन गरिएका कर्मचारीहरू रमाना भए पश्चात रिक्त दरबन्दीमा लोक सेवा आयोगमा कर्मचारी माग नगरेका स्थानीय तहहरूमा पुनः आर्थिक प्रशासन सञ्चालन गर्ने कर्मचारीको अभाव हुन गई सेवा प्रवाहको कार्यमा समस्या आउन सक्ने कुरालाई मध्यनजर राख्दै यस प्रकारको समस्या परेको स्थानीय तहको अनुरोधमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६० को उपदफा (२) अनुसार महालेखा नियन्त्रक कार्यालयलाई भएको आवश्यक जनशक्तिको व्यवस्था गर्ने निम्नानुसारको जिम्मेवारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई दिइएको व्यहोरा यस कार्यालयको मिति २०७६/०९/२० को निर्णयानुसार अनुरोध छ ।

१. राजपत्र अनंकित कर्मचारीको हकमा सम्बन्धित स्थानीय तहको अनुरोधमा संघको दरबन्दीमा रहेका लेखा समूहका जनशक्तिको उपलब्धता, क्षमता एवं रुचीलाई समेत मध्यनजर राख्दै साविकको जिम्मेवारीको अतिरिक्त थप जिम्मेवारी तोक्ने ।
२. राजपत्रांकित कर्मचारीको हकमा समेत जनशक्तिको उपलब्धतालाई मध्यनजर राख्दै उल्लेखित जिम्मेवारी तोक्ने । यस्तो कर्मचारी जिल्लामा उपलब्ध नभएको अवस्थामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने । राजपत्रांकित द्वितीय श्रेणीको कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखले मात्र राजपत्रांकित कर्मचारी (लेखा अधिकृत) लाई थप जिम्मेवारी दिन सक्ने ।

(दिनेश रेग्मी)
उप-महालेखा नियन्त्रक


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np